दर्ता नं. ६९५/०५३/०५४

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद् नेपाल

PRAGYIK VIDYARTHI PARISHAD, NEPAL

केन्द्रीय कार्यालय : काठमाडौं, नेपाल

पो.ब.नं. २०२८५, फोन नं. ०१-४५३८७५०

www.pvpnepal.org, Email nepalpvp1@gmail.com

मिति : २०८२ वैशाख ३ गते

**श्री सचिवज्यू**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**नेपाल सरकार, सिंहदरबार काठमाडौं ।**

**विषयः शिक्षाको समग्र सुधारका लागि सुझाव पत्र बुझाइएको ।**

महादोय,

प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल विद्यार्थी शिक्षक र शिक्षाविद्को सामूहिक संरचनामा रहेर विगत ३० वर्षदेखि शिक्षा, सामाजिक तथा सेवाको क्षेत्रमा सक्रिय नेपालको एक स्वतन्त्र सामाजिक विद्यार्थी संगठन हो । देशको मौलिक विचार र चिन्तनको आधारमा असल, इमान्दार, चरित्रवान र राष्ट्र प्रथम भावका साथ कार्य गर्ने युवशक्ति निर्माणको माध्यमबाट राष्ट्रको पुनःनिर्माणको ध्येयका साथ राष्ट्रियस्तरमा कार्यरत विद्यार्थी परिषद्ले युवा वर्गमा अनुशासन, इमान्दारिता, चरित्र निर्माणका साथ उनीहरूमा राष्ट्र प्रथम भावको विकासका लागि देशभर रचनात्मक, सकारात्मक, शैक्षिक, सामाजिक तथा प्रशिक्षणात्मक गतिविधिको आयोजना गर्दै आइरहेको छ ।

शैक्षिक परिवारको संरचनामा रहेर कार्य गरिरहेको विद्यार्थी परिषद्ले देशको शिक्षाको समग्र सुधारका लागि स्थापनाकालदेखि नै आफ्नो रचनात्मक भूमिका निर्वाह गर्दै आइरहेको छ । प्रत्येक वर्ष सम्पन्न हुने केन्द्रीय बैठक र दुई-दुई वर्षमा सम्पन्न हुने राष्ट्रिय अधिवेशनमार्फत शैक्षिक तथा समसामयिक प्रस्ताव पारित गर्दै त्यसको कार्यान्वयनका लागि सम्बन्धित निकायमा प्रस्तुत गर्ने कार्य गर्दै आइरहेको छ । साथै विभिन्न समयमा देशव्यापी शैक्षिक अभियान, शिक्षा कार्यशाला तथा गोष्ठीमार्फत् शिक्षाका विभिन्न विषयमा बहस् तथा चर्चापश्चात् आएका निष्कर्षलाई पनि परिषद्ले क्रियान्वयनका लागि शिक्षा मन्त्रालयलगायतका निकायमा पेश गर्दै आइरहेको छ । परिषद्ले विगतमा **राम्रो र समृद्धि नेपालका लागि हाम्रो पाठ्यक्रम**, **शिक्षाको समग्र सुधारका लागि राष्ट्रव्यापी शैक्षिक अभियान-२०८०** आदि विशेष अभियान सञ्चालन गरिसकेको छ । २०७९ मा काठमाडौंमा दुई दिवसीय राष्ट्रिय शिक्षा कार्यशाला, २०८० सालमा सातै प्रदेशमा प्रदेशस्तरीय शिक्षा कार्यशाला सम्पन्न गरेपश्चात् परिषद्ले विशेष प्रतिवेदन विगतमा शिक्षा मन्त्रालयमा पेश गरिसकेको छ ।

यसै सन्दर्भमा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले शिक्षाक्षेत्रको समग्र सुधारका लागि वितगदेखि निरन्तर उठान गर्दै आइरहेका महत्वपूर्ण विषयलाई समावेश गर्दै पुनः यो सुझावपत्र हजुरसमक्ष पेश गर्दछौं । साथै यसमा उठान गरिएका अल्पकालीन र दीर्घकालीन विषयलाई प्राथमिकतामा राख्दै क्रियान्वयनका लागि समेत विनम्र निवेदन गर्दछौं ।

**प्रा.डा. दयाराम भुसाल**
**राष्ट्रिय अध्यक्ष**

**प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल**

**शिक्षाको समग्र सुधारका लागि सुझावपत्र २०८३**

कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकास र समृद्धिको आधार मानव स्रोत हो । असल, कुशल र राष्ट्रलाई आवश्यक मानवस्रोत निर्माणको प्रमुख आधार भनेको शिक्षाक्षेत्र नै हो । शिक्षाले व्यक्तिगत, सामाजिक र राष्ट्रिय आवश्यकतालाई पूर्णता दिन सक्नुपर्दछ भन्ने सनातन समयदेखि वर्तमान आधुनिक समयको माग र चिन्तन हो । दक्ष र योग्य मानवस्रोत निर्माणका लागि राम्रो शैक्षिक वातावरण, सुविधायुक्त शिक्षण संस्था, माटो र देशको आवश्यकता अनुकूल पाठ्यक्रम, योग्य र उच्च प्राज्ञिक संस्कार भएका शिक्षक, उचित मूल्याङ्कन पद्धतिको आवश्यकता रहन्छ । प्रत्येक समाज र राष्ट्रको आफ्नै परिस्थिति र प्रकृति हुन्छ । त्यसैले शिक्षाले समाजको परिस्थिति र प्रकृतिलाई राम्रोसँग सम्बोधन गरेको हुनुपर्दछ । शिक्षाले सबैभन्दा पहिले व्यक्तिलाई शारीरिक, मानसिक, आध्यात्मिक र बौद्धिकरूपमा सक्षम बनाउनु आवश्यक छ, साथै व्यक्तिगत चिन्तनको साथमा परिवार, समाज र राष्ट्रप्रतिको दृष्टिकोण स्पष्ट हुँदै आफ्नो जिम्मेवारी पूर्ण गर्नसक्ने योग्य र चरित्रवान् व्यक्तिनिर्माणमा शिक्षा केन्द्रित हुनु पर्छ । शिक्षाले विद्यार्थी वर्गमा राष्ट्रको भूगोल, इतिहास, महापुरुष, जीवनपद्धति, भाषा, साहित्य, राजनीति, आर्थिक र सामाजिक मूल्यमान्यता आदि विषयको जानकारी गराउँदै राष्ट्रप्रति आत्मगौरवको भाव जागृत गर्नु पर्दछ । जीवनोपयोगी सिप सिकाइको साथमा आत्मविश्वासको भाव जगाउँदै समाज जीवनमा मानव कल्याणका लागि समेत सोच्न सक्ने क्षमता शिक्षाबाट आम विद्यार्थीले प्राप्त गर्नु पर्दछ । जसका लागि वर्तमान शैक्षिक प्रणाली, पाठ्यक्रम आदिको बारेमा पुनर्विचार आजको आवश्यकता हो । तसर्थ प्राज्ञिक विद्यार्थी परिषद् नेपाल देशको समग्र शिक्षाको सुधारका लागि निम्न विषयमा गम्भीर बन्दै अगाडि बढ्नका लागि नेपाल सरकार, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

## नेपालको समग्र शिक्षाको सुधारका लागि नीतिगत सुधारका विषयहरू

- शिक्षाक्षेत्रमा सुधार गर्नुपर्ने कामहरूलाई दीर्घकालीन, मध्यकालीन र अल्पकालीनरूपमा विभाजन गर्नु आवश्यक छ । अल्पकालीन कामलाई मध्यकालीन र दीर्घकालीन सोच र नतिजासँग जोड्नु पर्छ । शिक्षाक्षेत्रमा अबको १/५/१० वर्षपछिसम्मको हाम्रो दृष्टिकोण के हो र उपलब्धी के हासिल गर्ने हो भन्नेमा सरकार स्पष्ट रहोस् ।
- शिक्षाक्षेत्रको सुधारका लागि विद्यालय शिक्षा विधेयक, उच्च शिक्षासम्बन्धी छाता विधेयक, प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम सम्बन्धी विधेयक, राष्ट्रिय योग्यता प्रारूपसम्बन्धी विधेयक र एकीकृत स्वास्थ्य शिक्षा प्रतिष्ठान विधेयक यथाशीघ्र जारी गरियोस् ।
- शिक्षाको माध्यम भाषाको सन्दर्भमा संविधानको प्रावधान, भाषिक अधिकारको विषय, प्राज्ञिक पक्ष, बजारको माग, समुदायको रूचि र हाम्रो अभ्यासमा देखिएको विरोधाभाषको अन्त्य गर्दै नेपालको राष्ट्रभाषालाई शिक्षाको आधिकारिक माध्यम भाषाको रूपमा स्थापित गरियोस् जसका लागि शैक्षिक संस्थाहरूमा शिक्षण हुने विषयवस्तुको पठनपाठन एवम्

परीक्षाको माध्यम भाषाका बारेमा पनि स्पष्ट बन्दै मातृभाषा वा नेपाली भाषामा पठनपाठन गर्ने गराउने र सबै तहका परीक्षामा नेपाली भाषामा पनि प्रश्नपत्र सोध्ने नीति अनिवार्य गरियोस् ।

- विदेश अध्ययनका लागि विद्यार्थी पढाउने नाममा खोलिएका कन्सल्टेन्सीको अधिकारिता र त्यसको नियमन र नियन्त्रणका लागि नीति बनाइयोस् ।
- शिक्षामा हाल कुल राष्ट्रिय बजेटको औसतमा ११ प्रतिशतसम्म विनियोजन भएको छ । विनियोजनमध्ये ७० प्रतिशत जति तलब भत्तामा खर्च हुन्छ । शैक्षिक गुणस्तर र अनुसन्धानका लागि बजेटको अभाव छ । जसको कारण शिक्षामा वैदेशिक लगानी र हस्तक्षेप बढिरहेको छ । तसर्थ शिक्षानीति निर्माणमा वैदेशिक लगानी एवं दातृसंस्थाहरूको प्रभाव र दबाबलाई कम गर्दै राष्ट्रानुकूल शिक्षानीति निर्माणका लागि शिक्षामा स्वदेशी लगानी बढाउँदै लैजाऔँ जसका लागि कुल बजेटको न्यूनतम २०% बजेट शिक्षाका लागि सुनिश्चित गरियोस् ।
- शिक्षाको सबैस्तरमा हुने नियुक्तिमा दलीय राजनीतिको प्रभाव, हस्तक्षेप र भागबण्डाको अन्त्य गर्दै दक्ष, क्षमतावान् व्यक्तिलाई नियुक्ति गर्ने पद्धति विकसित गरियोस् ।
- शिक्षानीति निर्माणमा दलीय प्रभाव र दलीय मुद्दाभन्दा बढी बौद्धिक बहस, समाजको परिस्थिति र देशको प्राथमिकतालाई विशेष ध्यानमा राख्दै वैश्विक परिवेशमा समेत प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माणलाई आधार बनाएर मात्र शिक्षानीति निर्माण गरियोस् ।
- संघीय शिक्षा ऐन निर्माण गरी यथाशीघ्र कार्यान्वयनका लागि संघीय सरकार तथा सरोकारवाला पक्ष जिम्मेवार रहून्
- सबै विषय अध्ययन गरेका व्यक्तिले शिक्षक अध्यापन अनुमति पत्र लिन पाउने गरी नीतिगत व्यवस्था गरियोस् । अध्यापन अनुमति पत्र प्राविधिक तथा व्यावसायिक शिक्षामा पनि अनिवार्य लागू गरियोस् ।
- शिक्षक सेवा आयोगको हालको लिखित परीक्षाको परिणाममा केही जिल्लाको माग र सिफारिस तुलनामा माग भएको सङ्ख्यामा आवेदनसमेत नपरेको र उत्तीर्ण नभएको अवस्था छ । साथमा गणित, विज्ञानजस्ता विषयका लागि आवश्यक शिक्षकको अभाव हुँदै गइरहेको परिस्थितिमा शिक्षाशास्त्र सञ्चालन गर्ने विश्वविद्यालय र विद्यालय शिक्षा प्रणालीको सङ्ख्या र आवश्यक मागको विश्लेषण गर्दै विषयगत आवश्यक शिक्षक उत्पादनका लागि प्रयास गरियोस् ।
- सिकाइप्रतिको उत्तरदायित्व थप बलियो बनाउन शिक्षकको सेवा सुविधालाई समय सापेक्ष बनाउनु अनिवार्य छ । शिक्षकका लागि अवसरको विस्तार गर्दै शिक्षक व्यवस्थापनका पक्षहरू, नियुक्ति, सरुवा, बढुवा, अवसर, उत्प्रेरणा, सुविधा आदिलाई समयसापेक्ष थप राम्रो, सुशासनमैत्री बनाउने दिशामा कार्य होओस् । शिक्षक जनशक्तिको विविधता व्यवस्थापनमा नीतिदेखि अभ्यास तहसम्मका विषयहरूमा विशेष ध्यान दिइयोस् जसका लागि शिक्षक र विद्यार्थीको अनुपात, दरबन्दी र भौतिक सुविधाको उपलब्धता एवम् स्रोतको वितरणमा समानता कायम गरियोस् ।
- शिक्षाको केही अधिकार स्थानीय तहमा गइसकेको अवस्थामा शिक्षामा स्थानीय लगानी र स्रोतको व्यवस्थापनका लागि विशेष काम गर्नु पर्ने आवश्यकता छ । साथमा संघीय, प्रदेश र स्थानीय तह बिचको अधिकार एवम् जिम्मेवारी

बाँडफाँडसम्बन्धी स्पष्ट निर्देशिका तयार गरी कार्यान्वयनको प्रक्रियामा अगाडि बढाइयोस् । शिक्षामा नीतिगत अधिकार, दरबन्दी, सरुवा, बढुवा, मूल्याङ्कन आदि सम्पूर्ण अधिकार संघीय सरकारसमक्ष राखियोस् ।

- निजी र सामुदायिक विद्यालयको पठनपाठन, पाठ्यक्रम, परीक्षा र परिणाममा एकरूपता ल्याउनु आवश्यक छ साथै सामुदायिक एवम् निजी शैक्षिक संस्थाहरूको लागि राज्यले निर्धारण गर्ने नीति र नीतिगत व्यवहारमा समानता ल्याइयोस् ।
- विद्यालय/क्याम्पस परिसर आसपास निश्चित दूरी तय गरी धुम्रपान, मद्यपान तथा जङ्क फूड बिक्री वितरणका लागि रोक लगाइयोस् ।
- संवैधानिक प्रावधानअनुसार अनिवार्य र निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षालाई सुनिश्चित गर्न सञ्चालनमा रहेका सबै विद्यालयमा न्यूनतम शिक्षकको दरबन्दीको अनिवार्य व्यवस्थापन गर्दै माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको संवैधानिक अधिकारलाई सुनिश्चित गरियोस् ।
- विद्यालयहरू नजिकै स्थापना गरिएको, घट्दो जन्मदर र बसाइँसराइले विद्यालय तथा क्याम्पसहरूमा भर्नादरसमेत घटिरहेको साथै पहाडी तथा हिमालीक्षेत्रमा कक्षागत विद्यार्थी अनुपात न्यून हुँदै गइरहेकाले आधारभूत तहका विद्यालयहरूको साथै क्याम्पसहरूको अनिवार्य पुनःनक्साङ्कन गरियोस् र पहाडी तथा हिमाली क्षेत्रका विद्यालयको सञ्चालनको ढाँचामा नै पुनःविचार गरियोस् ।
- विश्वविद्यालयमा घट्दै गइरहेको विद्यार्थी सङ्ख्या र विश्वविद्यालयप्रति विद्यार्थीको घट्दो रुचिप्रति गम्भीर बन्दै समयमा यसको सुधारका लागि समग्र शिक्षाक्षेत्रको एकीकृत शैक्षिक पात्रो निर्माणसँगै कार्यान्वयन गरियोस् । साथै नेपालका लागि आवश्यकता जनशक्तिअनुसारको शिक्षा र पाठ्यक्रम निर्माणसँगै गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विशेष कार्य गरियोस् ।
- गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सबै जनशक्तिको क्षमता विकास अपरिहार्य हुने हुँदा क्षमता विकास गर्ने संस्थाहरूको सुदृढीकरण गरियोस् । विगतमा सञ्चालनमा रहेका तर हाल निष्क्रियजस्तै देखिएका तालिम केन्द्रहरू र अनुसन्धान केन्द्रहरूको क्षमता विकासका लागि कार्य गरियोस् ।
- नेपालमा कृषि व्यवसाय नभएका कारण पनि कृषि विषय पढ्न र कृषि पेसा अवलम्बन गर्न युवाहरूको रूचि बढाउनका लागि नेपालमा कृषि उद्यमी हुन सक्ने वातावरण सिर्जना गर्दै कृषिको व्यवसायका लागि वित्तीय व्यवस्थापन गर्ने दिशामा कार्य गरियोस् ।
- अहिलेसम्म पहुँच नपुगेका ७३ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक पहुँचका लागि प्राविधिक धारका विद्यालय स्थापना अनिवार्य गरियोस् ।

- विज्ञान प्रविधिको विकासका लागि विद्यालय तहबाट नै निशुल्क शिक्षामा जोड दिँदै अगाडि बढौँ । रेडियोधर्मी पदार्थ उपयोग तथा नियमनकारी निकाय स्थापना गरौँ । विधिविज्ञान प्रयोगशालाको विस्तार तथा स्तरोन्नतिको कार्य यथाशीघ्र सम्पन्न गरियोस् ।
- सातवटै प्रदेशमा विशिष्टिकृत अनुसन्धान केन्द्रको सञ्चालन र विज्ञान प्रविधि क्षेत्रमा राष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गरियोस् ।
- राज्यद्वारा विद्यालयलाई दिने दरबन्दी तथा स्रोतको विभाजन भूगोल, विद्यार्थी सङ्ख्या र समग्र परिस्थितिको आधारमा गरियोस् ।
- विशेष क्षमता भएका विद्यार्थीहरूको लागि विशेष शिक्षाको व्यवस्था गरियोस्, जसका लागि आवश्यक देशका महत्त्वपूर्ण स्थानमा विद्यार्थीमैत्री भौतिक संरचना, पाठ्यक्रम, पाठ्यसामग्री, छात्रावास आदि निर्माण गर्दै त्यस्ता विद्यार्थीहरूको पहुँच ती शैक्षिक संस्थामा पुग्न सकोस् त्यसका लागि आवश्यक कार्य गरियोस् ।
- वर्तमान नेपाली शिक्षानीतिमा नेपालको माटो अनुकूल र सनातन दर्शनका मूलभूत मान्यताभन्दा धेरै जसो पश्चिमेली विचार, शिक्षापद्धति र शिक्षानीतिको प्रभाव रहेको देखिन्छ ।
- लामो दूरीका विद्यालयमा विद्यार्थी भर्ना गर्ने र विद्यार्थी बसमार्फत ओसार्ने प्रवृत्तिले बालबालिकामा मानसिक तथा शारीरिक दबाब परिरहेको हुँदा विद्यालय र विद्यार्थीको दूरीको निश्चित मापदण्ड तय गरियोस् ।
- विद्यार्थी भर्नादर, उत्तीर्ण र सिकाइको विश्लेषण गर्दै समय समयमा हाम्रो पाठ्यक्रम, मूल्याङ्कन पद्धति र शिक्षणविधिलाई परिमार्जन गरियोस् ।
- विद्यालय व्यवस्थापन र विद्यालय अनुगमनलाई प्रभावकारी बनाइयोस् ।
- आधारभूत तहका बालबालिका कलिलो मस्तिष्कका भएको कारणले सैद्धान्तिक ज्ञानभन्दा पढ्ने प्रयोगात्मक र व्यवहारिक सिपमूलक शिक्षा दिएर शिक्षाप्रति आकर्षित गर्न सकिन्छ । यसबाट Dropout हुने विद्यार्थीको सङ्ख्या घट्ने हुँदा यसमा विशेष ध्यान दिइयोस् ।
- कलिला बालबालिकाका लागि शिक्षकले अभिभावकीय भावना र मायालु वातावरण निर्माण गरियोस् ।
- सबै कर्मचारी र शिक्षक आफ्ना सन्ततिका लागि निजी विद्यालय खोज्दै जाने प्रवृत्तिको अन्त्य गर्नका लागि सरकारी कर्मचारी एवं शिक्षकले आफ्ना बालबालिका अनिवार्य रूपमा सामुदायिक विद्यालयमा पढाउनु पर्ने नीतिनिर्माण गर्दै त्यसको कार्यान्वयन गरियोस् ।
- प्राविधिक शिक्षामा घट्दो विद्यार्थीको आकर्षण र बढ्दो विदेश पलायनलाई रोक्नका लागि सिकाइसँगै कमाइको अवधारणालाई प्रभावी बनाइयोस् । व्यावहारिक र सिपयुक्त शिक्षाका लागि प्राविधिक क्षेत्रमा विशेष कार्य गरियोस् ।
- नेपालको मौलिक गुरुकुलीय शिक्षापद्धतिलाई व्यवस्थित, प्रभावकारी र समयानुकूल बनाउनका लागि आवश्यक लगानी तथा गुरुकुलका लागि दरबन्दीको सङ्ख्यामा वृद्धि गरियोस् ।

# पाठ्यक्रम, परीक्षा एवं परिणामको सुधारका विषयहरू

- शैक्षिक सत्रको सुरुमा गुणस्तरीय पाठ्यपुस्तक विद्यार्थीको हातमा पुग्ने व्यवस्था सुनिश्चित गरियोस्, जसका लागि सातै प्रदेशमा पाठ्यक्रम छपाई केन्द्र निर्माण र वितरणको नीति बनाएर त्यसको कार्यान्वयन गरियोस् ।
- सबै तहको शिक्षामा अनिवार्य रूपमा नैतिक शिक्षा, नागरिक शिक्षा, आधारभूत कानुनी शिक्षा, संस्कृत शिक्षालाई अनिवार्य लागू गर्नुका साथै योग शिक्षा, विपद् व्यवस्थापन सम्बन्धी ज्ञान तथा आयुर्वेदजस्ता विषयलाई शिक्षाको प्राथमिकतामा राखेर अध्ययन अध्यापन गर्ने नीति कार्यान्वयन गरियोस् ।
- १-५ सम्मका बालबालिका का लागि एक महिना एक पुस्तकको अवधारणा सहित पाठ्यक्रम निर्माण गरियोस् जसका कारण वर्षभर पुस्तकको भार बोक्ने परिस्थितिबाट बालबालिका बचून् ।
- आधारभूत तहदेखि नै बालबालिकालाई कर्मशील बनाउने, सेवा भावको साथमा संवेदना जागृत गर्ने, इतिहासप्रति गौरवबोध, देशका महापुरुषप्रति श्रद्धा र विश्वास तथा राष्ट्र प्रथम भावको विकासका लागि आवश्यक विषयवस्तु पाठ्यक्रममा समावेश गरियोस् । जसका लागि सबै तहका पाठ्यक्रममा नेपाली भाषा, संस्कृति, भूगोल, इतिहास, जीवनपद्धति, मानवीय मूल्य, नागरिक शिक्षा, पेसा सिर्जना गर्न सक्ने, कृषि उत्पादन जस्ता विषयहरू अनिवार्य गरियोस् ।
- सबै शैक्षिक संस्थाहरूमा श्रव्यदृश्य सामग्री, पुस्तकालय एवम् प्रयोगशाला लगायतका सुविधा सुनिश्चिततासँगै अनलाइन र अफलाइन सुविधाका साथै इ-पुस्तकालयसहित सूचना प्रविधि प्रयोगशाला स्थापना गरियोस् । शिक्षण सिकाइ कार्यमा प्रविधिको प्रयोगलाई जोड दिइयोस् । पुस्तकालयमार्फत अध्ययन सामग्री सुनिश्चित गर्ने, धेरै पटक प्रयोग गर्न सकिने पुस्तक बनाउने, प्रविधि अवलम्बन गरियोस्  वा अन्य विकल्पको खोजी गरियोस् ।
- पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीलाई के आवश्यक छ, उसको सिकाइ क्षमता कति छ त्यसको आधारमा पाठ्क्रम निर्माण गरियोस् ।
- प्राविधिक शिक्षा र व्यावसायिक तालिमतर्फका पाठ्यक्रमहरू समयानुकूल नभएको बारम्बार गुनासो आइरहँदा पनि ठोस सुधार हुन सकेको छैन । प्राविधिक विषय सिपभन्दा परीक्षामा पास हुने कुरालाई महत्त्व दिने परिपाटिको अन्त्य गर्दै माध्यमिक तहमा अध्यापन हुने प्राविधिक शिक्षालाई मात्र सैद्धान्तिक ज्ञानको विषय नबनाई नेपाली श्रम बजारको आवश्यकता पूरा गर्न सक्ने जनशक्ति निर्माणका लागि व्यवहारमुखी र बजारमुखी पाठ्यक्रम निर्माण गरियोस् ।
- पाठ्यक्रम, पाठ्यवस्तु विद्यालय हाताभित्रको शिक्षासँगै व्यावहारिक एवम् सामाजिक विषयको सिकाइमा विशेष जोड दिइयोस्, बालबालिकाले पाठ्यपुस्तक अध्ययन गरेर मात्र सबै कुरा सिकिरहेका हुन्छन् भन्ने सामाजिक भाष्यलाई परिवर्तन गरियोस् ।

- नेपालको समृद्धिको सम्भावना बोकेको कृषि, पर्यटन, उर्जाजस्ता विषयलाई प्राथमिकतामा राखेर विश्वविद्यालयका पाठ्यक्रम तथा नीति निर्माण गरियोस् ।
- परीक्षामा प्राप्त अङ्कको आधारमा मात्र विद्यार्थीको मूल्याङ्कन नगरी व्यावहारिक तथा सामाजिक विषयसम्बन्धी सिकाइसँगै उसको अनुशासन, आचरण र संस्कार आदि मूल्याङ्कनका लागि समेत नवीनतम उपायहरू अवलम्बन गरियोस् ।
- सिकाइका लागि मौलिक कुरामा विशेष जोड दिँदै मातृभाषा वा नेपाली भाषामा सिकाइका लागि आवश्यक पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिनुपर्दछ ।
- सबै तहका पाठ्यक्रममा नेपाली भाषा, संस्कृति, भूगोल, इतिहास, जीवनपद्धति, मानवीय मूल्य र नागरिक शिक्षाजस्ता विषयहरू समावेश गरिनुपर्दछ ।
- शिक्षालाई सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक र व्यावहारिक तथा जीवनोपयोगी बनाउनका लागि सबै तहको शिक्षामा सोहीअनुसारका पाठ्यक्रम निर्माण गरियोस् ।
- मूल्याङ्कन पद्धतिमा, ग्रेडिङ्ग पद्धतिको अभ्यासको बारेमा पुनः विचार गरियोस् ।
- सिपलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न शिक्षालाई पढ्दै कमाउदै कार्यक्रमका रूपमा विकसित गरियोस् । जसका लागि समयसमयमा सबै तहका पाठ्यक्रमको परिमार्जन अनिवार्य गरियोस् ।

## आधारभूत तह शिक्षाको सुधारका विषयहरू

- आधारभूत विद्यालय उमेर समूहका ३.९ प्रतिशत बालबालिका अझै पनि विद्यालय आउन सकिरहेका छैनन् । छात्रवृत्ति, दिवा खाजा लगायतका विद्यार्थी प्रोत्साहन व्यवस्थामा, भूगोल, आर्थिक अवस्था तथा परिवेशको आधारमा पुनरावलोकनसँगै पुनःसंरचना गरियोस् ।
- कुनै पनि राष्ट्रको लागि आवश्यक व्यक्ति निर्माणको प्रारम्भ विन्दु त्यहाँको आधारभूत तहको शिक्षा प्रणाली नै हो । तसर्थ हाम्रो आधारभूत तह शिक्षालाई प्रभावकारी बनाउनका लागि आधारभूत तहलाई प्राथमिकतामा राख्ने राज्यको नीति, पढाउने शिक्षकको योग्यता, पाठ्यक्रम, शैक्षिक वातावरण, एवं बालमनोविज्ञानको आधारमा सिकाई पद्धति आदि निर्माणमा विशेष प्रयास गरियोस् ।
- ठूलो सङ्ख्यामा प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम मापदण्ड पूरा भएको छैन र बालविकास केन्द्रको समतामूलक पहुँच र सहभागिता पुग्न सकेको छैन यस विषयमा गम्भीरतापूर्वक कार्य होस् ।

- कक्षा ८ को अन्तिम नतिजा प्रकाशनमा भने कृपाङ्क र पुन परीक्षाको अभ्यास गरिएको छ । कृपाङ्कको व्यवस्था गरी विद्यार्थी उतीर्ण गर्ने अभ्यासले परीक्षाको औचित्यमा प्रश्न उठेको छ। तसर्थ कक्षा ८ को अन्तिम परीक्षाको पारदर्शिता र प्रभावकारिताको बारेमा विशेष ध्यान दिइयोस् ।
- देशभरका जम्मा विद्यालयमध्ये २० प्रतिशत विद्यालयमा मात्र इन्टरनेट सुविधा उपलव्ध छ। २७ प्रतिशत विद्यालयमा पुस्तकालय छ, आधारभूत विद्यालयमा यस्तो सुविधाको उपलब्धता अझ कमजोर छ । तसर्थ आधारभूत सुविधाको व्यवस्थाका लागि कार्य गरियोस् ।
- विद्यार्थीलाई दार्शनिक आधार, परम्परा, मौलिक ज्ञान, अभ्यासमा आधारित शिक्षा, बजार, उत्पादन, एवं जीविकोपार्जनका लागि आवश्यक सिप प्रदान गरियोस् ।
- बालबालिकाहरूलाई उपलब्ध गराउने पोषण तथा स्वास्थ्य सुविधाको सुनिश्चिता पूर्णरूपमा भइरहेको छैन । विद्यालयमा बालबालिकाको सहभागिताका लागि अभिभावकको सक्रियता एवं जागरुकता निराशाजनक यसमा ध्यान दिइयोस् ।
- प्रधानाध्यापक नियुक्ति एवम् विद्यालय व्यस्थापन समितिसँगै शिक्षकहरूका बीचमा राजनीतिक दल हाबी भइरेको कारण शिक्षाक्षेत्र धरासायी बन्दै गइरहेको छ यसमा विचार गरियोस् ।

## माध्यमिक तह शिक्षाको सुधारका विषयहरू

- माध्यमिक तहसम्म शिक्षाको मूल्याङ्कनमा ग्रेडिङ पद्धतिको कारण विद्यार्थीको सिकाइ र अध्ययन गर्ने बानीमा प्रतिकूल प्रभाव परिरहेको हुँदा ग्रेडिङ पद्धति खारेज गदै SEE र कक्षा ११ को परीक्षा प्रदेशस्तरीय बोर्डबाट सञ्चालन गर्ने नीति अवलम्बन गरियोस् ।
- माध्यमिक शिक्षालाई कक्षा ९ र १० एवं ११ र १२ गरी दुईओटा उपखण्डमा विभाजन गरिएको अवस्था छ । समस्या समाधान क्षमता, समालोचनात्मक सोचसहितको व्यावहारिक सिप भएको जीवनको तयारीको आधार स्तम्भको रूपमा हेरिएको तर प्रभावकारी हुन सकिरहेको छैन यसतर्फ विचार गरियोस् ।
- ९ र १० मा रहेको विद्यार्थी सङ्ख्या ११-१२ मा प्रवेश गर्दा ५०% लगभगले कम रहेको तथ्याङ्कहरूले देखाउँछ। छात्राको तुलनामा कक्षा छाड्ने वा दोहोऱ्याउने र कक्षामा अनुपस्थित हुने दर छात्रको बढिरहेको छ यसमा विचार गर्दै नीति तयार गरियोस् ।
- गरिबी, बेबारिसे ( अभिभावक विहीन ) बाल श्रमका कारण आधारभुत तहसम्मको शिक्षा लिन नसक्नु जस्ता समस्याको निराकरणतर्फ ध्यान दिइयोस् ।
- भौगोलिक रूपमै शिक्षक दरबन्दीको असमान बाँडफाँड भइरहेको छ यसको पुन : मूल्याङ्कन गरियोस् ।

- संघीय, प्रदेश र स्थानीय तहको अधिकार र जिम्मेवारीको अस्पष्टताको कारण, विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको भूमिकामा अन्यौलता देखिएको छ यसको निराकरण होस् ।
- शिक्षामा राज्यको पर्याप्त लगानी नहुँदा निःशुल्क शिक्षा भनिएको कक्षा १२ सम्मको शिक्षामा सामुदायिक विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क लिइरहेका छन् । यस विषयमा सम्बन्धित निकाउले अनुगमन गरोस् ।
- पाठ्यक्रम निश्चित समय अन्तरालमा परिमार्जन हुनुपर्छ । वर्तमानको आवश्यकतालाई हेरेर पाठ्यक्रम निर्माण तथा परिमार्जन हुन सकिरहेको छैन यसमा कार्य गरियोस् ।
- शिक्षक विद्यार्थी अनुपातलाई हेर्दा हामीले शिक्षामा गरेको लगानीले कसरी राम्रो परिणाम दिन सक्छ ? लगानी सँगसँगै प्रतिफल कसरी धेरै अपेक्षा गर्ने ? यसमा चिन्तन हुन सकिरहेको छैन ।
- शिक्षा ऐन (२०२८) लागू भए पश्चात् भूगोल, इतिहास, संस्कृति, अर्थशास्त्र जनसङ्ख्याजस्ता विषयलाई सामाजिक अध्ययनमा समावेश त गरिएको छ तर सो सिकाइ विद्यार्थीका लागि अपूरो र अधुरो नै भएको देखिन्छ । साथै यी विषयमा उच्च शिक्षा अध्ययन गरिसकेपछि भोलिका दिनमा ती युवाहरूले पुरा बेरोजगारी बस्नुपर्ने आएको छ
- प्राविधिक र व्यावसायिक विषयमा कुल क्षमताको ५० प्रतिशतमात्र विद्यार्थी भर्ना भइरहँदा प्राविधिक विषयको सान्दर्भिकता बुझाउन सकेको छैन । विषयको भौगोलिक वितरण, श्रम बजारमा जनशक्ति मागको जानकारी आदिमै ठूलो समस्या र प्रश्न रहेको छ ।
- वैदेशिक रोगजारीका लागि जाने ३५ वर्षमुनिका युवाहरू पनि माध्यमिक तहको अध्ययन पूरा नगरी विदेसिनेको सङ्ख्या ठूलो मात्रामा छ । जसले माध्यमिक तह उत्तीर्ण विद्यार्थीको अवस्थालाई चित्रण गरिरहेको छ ।
- कक्षा ९ देखि कक्षा १२ लाई एकीकृत गरिसकेको अवस्थामा कक्षा ११ र १२ मा आवश्यक शिक्षक दरबन्धी पूर्ण हुन सकेको छैन । ११ र १२ का लागि विषयअनुसार आवश्यक शिक्षक दरबन्दी उपलब्ध नगराउँदा विद्यालयहरूले अस्थायी, राहत वा निजी स्रोतबाट शिक्षकको आवश्यकता पूर्ति गर्नु परेको परिस्थिति छ । तसर्थ कक्षा ११ र १२ का लागि आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गर्दै शिक्षक नियुक्ति गर्ने पद्धति विकसित गरियोस् ।

## उच्च शिक्षाको समग्र सुधारका विषयहरू

- प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुने व्यवस्थाले विश्वविद्यालयका नियमित गतिविधिमा प्रधानमन्त्रीको समयको अभाव तथा पदाधिकारी नियुक्ति एवं विश्वविद्यालयको स्वायत्ततामा हस्तक्षेप भइरहेको छ, विश्वविद्यालयको नियमित गतिविधिमा प्रभावसँगै राजनीतिक हस्तक्षेप शिक्षामा बढिरहेको हुँदा विश्वविद्यालयको कुलपति प्राज्ञिक, बौद्धिक व्यक्तिलाई बनाउने नीतिनिर्माण गरियोस् जसका लागि प्राज्ञिक बोर्डको गठन यथाशीघ्र गरियोस् ।

- सबै विश्वविद्यालयका सेवा आयोग खारेज गरी सम्पूर्ण विश्वविद्यालयलाई केन्द्रविन्दुमा राखेर विश्वविद्यालय सेवा आयोग निर्माण गर्ने र विश्वविद्यालयमा नियुक्ति प्रक्रियाका लागि केन्द्रीकृत परीक्षा लिने प्रणालीको विकास गरियोस्
- राजनीतिक आस्थाका आधारमा आंशिक वा करार शिक्षक छनोट गर्दा सक्षम व्यक्तिले अवसर नपाउने र शिक्षाको गुणस्तरमा कमी आउने भएकोले विश्वविद्यालयमा प्राध्यापन गर्न विश्वविद्यालय अनुदान आयोगमार्फत् प्राध्यापन अनुमति पत्र (NET) को परीक्षा लिने नीतिलाई यथाशीघ्र कार्यान्यन गरियोस् ।
- विदेश अध्ययनका नाममा जुनसुकै पनि विश्वविद्यालयमा जाने र विद्यार्थी विभिन्न समस्यामा परेका घटनाहरू बढ्दै गइरहेको कारण वैदेशिक अध्ययनका लागि जाने नेपाली विद्यार्थीका लागि उक्त विश्वविद्यालयको स्तर र विश्वसनीयता निर्धारण गरेर मात्र जान पाउने नीति अवलम्बन गरियोस् ।
- विश्वविद्यालयका पाठ्यक्रम तथा योजना निर्माणपूर्व देशमा आवश्यक जनशक्तिको पूर्व अनुसन्धानपश्चात् सबै क्षेत्रका लागि आवश्यक सन्तुलित जनशक्ति निर्माणको लागि कार्य गरियोस् ।
- अनुमति र नियमनविना सञ्चालनमा रहेका क्याम्पसमा पढाइ भइरहेका विदेशी विश्वविद्यालयका पाठ्यक्रम, परीक्षा प्रणाली र भर्ना आदि विषयमा सरकार गम्भीर बन्दै त्यस्ता शैक्षिक संस्थालाई नियमन गर्ने र यथाशीघ्र बन्द गर्ने कार्य गरियोस् । अनुमतिविना सञ्चालनमा रहेका त्यस्ता विदेशी विश्वविद्यालयबाट सञ्चालित शैक्षिक संस्थाका विद्यार्थीलाई प्रदान गरिने समकक्षताको बारेमा पनि विश्वविद्यालयमा विचार गरियोस् ।
- विश्वविद्यालयमा हुने अनुसन्धानमुखी कार्यमा मौलिकता सिर्जना गर्ने, राष्ट्रिय नीति निर्माणमा विश्वविद्यालय तथा प्राज्ञिक समूहको सहभागिता तथा बौद्धिक क्षमता सदुपयोगको सुनिश्चिता गरियोस् ।
- विश्वविद्यालय र कलेजहरूले विदेशी विद्यार्थी आकर्षण गर्न सकेका छैनन्, त्यसैले विश्वविद्यालय नै बन्न सकेनन् । विश्वविद्यालयहरूमा कम्तीमा यति प्रतिशत विद्यार्थी विदेशी हुनु पर्छ, ल्याउनु पर्छ भनी योजना बनाउनु पर्छ, त्यसको पालना गर्नु पर्छ अनि अन्तर्राष्ट्रिय विश्व विद्यालय हुन्छन्, तर त्यसो हुन सकिरहेको छैन । यस विषयमा विचार गरियोस् ।
- विगतमा आवश्यकताका आधारमा भन्दा बढी राजनीतिक आधारमा विश्वविद्यालय खोल्ने प्रवृत्ति बढिरहेको हुँदा विश्वविद्यालयको आवश्यकता, त्यसमा हुने नवीनतम प्रयोग र सिकाइ, उपलब्धि आदिका बारेमा अनुसन्धान गरेर मात्र विश्वविद्यालय खोल्ने पद्धति विकास गरियोस् ।
- अन्धाधुन्ध खोलिएका कतिपय विश्वविद्यालयको, भौतिक, आर्थिक तथा शैक्षिक व्यवस्थापन गरियोस्, महिनौँदेखि हुन नसकेका पदाधिकारी नियुक्ति, दरबन्दी आदि विषयलाई समाधान गर्दै खोलिएका विश्वविद्यालयको भौतिक, शैक्षिक तथा प्राज्ञिक विकासका लागि कार्य गरियोस् ।

- नेपालको चिकित्सा शिक्षालाई प्रभावकारी बनाउँदै नेपालमा अत्याधिक मेडिकल कलेज खोल्ने र विदेशी विद्यार्थी नेपालमा मेडिकल अध्ययनका लागि आउन सक्ने वातावरण निर्माण गर्दै नेपाललाई चिकित्सा शिक्षा अध्ययनको केन्द्रको रूपमा विकास गरियोस् ।
- उच्च शिक्षाले जागिर खोज्ने जनशक्ति मात्र उत्पादन नगरी जागिरका लागि विभिन्न अवसरहरूको सिर्जना गर्ने व्यक्ति पनि उत्पादन गर्नु पर्नेमा त्यसो हुन सकिरहेको छैन यसतर्फ कार्य गरियोस् ।
- रोजगारीका अवसरहरूको अभाव, गुणस्तरीय शिक्षाको अभाव, शैक्षिक कार्यपात्रोको निर्माण नहुनु, आफूले चाहेको विषयमा भर्ना नपाउनुजस्ता समस्याले गर्दा विद्यार्थी विदेश पलायन भइरहेको कारण उच्च शिक्षाका लागि ठुलो सङ्कट देखा परिरहेको छ। तसर्थ उच्च शिक्षालाई प्रभावी बनाउनेतर्फ कार्य गरियोस् ।
- शिक्षामा राजनीतिकरण, शिक्षक छनोट प्रक्रियामा त्रुटि, शिक्षकको दक्षताको मूल्याङ्कनको अभाव, उचित शिक्षा नीतिको अभाव, पर्याप्त लगानीको अभावजस्ता कारणले गर्दा उच्च शिक्षामा चुनौती देखिएको छ साथै विद्यार्थीको आकर्षण बढ्न सकेको छैन ।
- शिक्षण पद्धतिलाई पाठ्यक्रमको संरचनामा मिल्नेभन्दा पनि बजार र भविष्यको आवश्यकतालाई सामाजिक, सांस्कृतिक साथै राष्ट्रिय आवश्यकतालाई समेट्ने गरी परिमार्जन गरियोस् ।
- समाजमा आवश्यक जनशक्ति निर्माणका लागि परम्परागत प्रक्रिया knowledge, skill, attituted लाई परिवर्तन गरी attituted, skill, knowledge मा लिएर जाने पद्धतिको विकास गरियोस् ।
- उच्च शिक्षामा लगानीका स्रोतहरू सीमित हुँदै गइरहेका छन् भने राज्यले शिक्षामा गर्ने कुल **लगानीको ७/८ प्रतिशत** मात्र उच्च शिक्षामा लगानी भइरहेको छ, जसले गर्दा उच्च शिक्षामा गुणस्तर कम हुँदै गइरहेको छ । तसर्थ उच्च शिक्षामा लगानी वृद्धि गरियोस् ।
- उच्च शिक्षामा आवश्यक जनशक्ति नियुक्ति प्रक्रियामा व्यक्तिको शैक्षिक योग्यता, क्षमता, खोज अनुसन्धान, तथा प्रकाशनजस्ता विषयहरूलाई आधार नबनाई विभिन्न आन्दोलन, राजनीतिक दबाव एवं भागबण्डा तथा वार्ता आदि माध्यमबाट सेवामा प्रवेश गर्ने/गराउने प्रवृत्ति बढिरहेको छ। यसको अन्त्य गरियोस् ।
- उच्च शिक्षाका पाठ्यक्रममा देशको मौलिक विचार, पूर्वीय दर्शन, नेपाली समाज सुहाँउदो शिक्षा र नेपालका लागि आवश्यक जनशक्तिको मागअनुसार मानवशक्ति निर्माणसँगै विश्व बजारमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक पाठ्यक्रम र शिक्षाप्रणाली तयार गरियोस् ।
- बदलिँदो विश्व परिवेश र उच्चा शिक्षाको वैश्विक पहुँच सँगै त्रिविबाट प्रदान गरिने समकक्षताको प्रक्रिया र नीतिमा परिमार्जन गरियोस्
- विश्वविद्यालय र उद्योगबीच सहकार्य बढाएर विद्यार्थीलाई इन्टर्नशिप, प्रायोगिक अनुभव र रोजगारीका अवसरसाग जोड दिइयोस् ।